## १ **बीमा समितको परिचय** :

बीमा व्यवसायलाई बृद्धि, विकास, नियन्त्रण तथा अनुगमन गर्नको लागि तत्कालिन श्री ५ को सरकारले २०२५ सालमा अर्थ मन्त्रालयको एउटा इकाईको रुपमा बीमा समितिको स्थापना गरेको थियो । समितिले मिति २०२६ साल जेष्ठ १ गतेको प्रथम बैंठकबाट आफ्नो कार्य आरम्भ गरेको थियो । तत्पश्चात, बीमा ऐन, २०४९ ले नेपालको बीमा व्यवसायलाई व्यबस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्ने जिम्मेवारीका साथ बीमा समितिलाई अविछिन्न उत्तराधिकारवाला स्वायत्त संस्थाको रुपमा स्थापित गरेको छ ।

## २. **समितिको उद्देश्य** :

बीमा ऐन, २०४९ बमोजिम नेपालको बीमा व्यवसायलाई व्यवस्थित, नियमित, बिकसित तथा नियन्त्रित गर्नका लागि बीमा समितिको स्थापना भएको हो ।

## ३ **समितिको गठन** :

३.१ प्रचलित बीमा ऐन, २०४९ को दफा (३) मा समितिको गठन देहाय बमोजिम हुने व्यवस्था छ :

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारले नियुक्त गरेको वा तोकेको व्यक्ति | -अध्यक्ष |
| (ख) | प्रतिनिधि, कानून, न्याय तथा संविधान सभा मन्त्रालय | -सदस्य |
| (ग) | प्रतिनिधि, अर्थ मन्त्रालय | -सदस्य |
| (घ) | बीमा व्यवसायमा विशेष ज्ञान भएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले मनोनित गरेको एक जना व्यक्ति | -सदस्य |
| (ङ) | बीमितहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना व्यक्ति | -सदस्य |

## ४ <u>बीमा समितिको काम, कर्तब्य र अधिकार</u> :

बीमा ऐन, २०४९ को दफा (८) बमोजिम समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम रहेको छ :

- बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्नको लागि नीति निर्धारण गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने,
- बीमाबाट प्राप्त हुन आएको रकम लगानी गर्नको लागि नीति निर्धारण गरी प्राथमिकता क्षेत्र तोक्ने,
- बीमक, बीमा अभिकर्ता, सर्भेयर, दलालको इजाजतपत्र दर्ता र नवीकरण गर्ने तथा दर्ता खारेज गर्ने, गराउने,
- बीमक तथा बीमित बीचको वाद विवादमा मध्यस्थता गर्ने,
- बीमा दायित्व निर्धारणका सम्बन्धमा बीमक विरुद्ध बीमितले दिएको उजूरी उपर निर्णय गर्ने,
- बीमा व्यवसायका सम्बन्धमा बीमकलाई समय-समयमा आवश्यक निर्देशन दिने
- बीमितको हित रक्षाको निम्ति आवश्यक आधार तर्जुमा गर्ने, र
- बीमा व्यवसायसंग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने, गराउने

५. बीमा ऐन, २०४९ को उद्देश्य प्राप्तिको लाीग समितिबाट सम्पादन गरिने मुख्य मुख्य कार्यहरु देहाय वमोजिम रहेका छन्:

**५.१ बीमा व्यवसायलाई बिकसित गर्ने उद्देश्यसंग सम्बन्धित कार्यहरुः**

(क) तालिम, सेमिनार, गोष्ठि, अन्तरक्रिया आदि संचालन,

(ख) चेतनामूलक, प्रचारात्मक तथा जानकारीमूलक कार्यक्रमहरु संचालन,

(ग) अध्ययन, अनुसन्धान,

(घ) स्थानीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय क्षेत्रका बीमा नियमनकारी तथा अन्य निकायहरुसंग समन्वय तथा सम्बन्ध ।

**५.२ बीमा व्यवसायलाई व्यवस्थित गर्ने उद्देश्यसंग सम्बन्धित कार्यहरु :**

(क) बीमक, बीमा अभिकर्ता, बीमा सर्भेयर, बीमा दलाल इजाजतपत्र दर्ता र नवीकरण

(ख) ऐन, नियम, नीति, निर्देशन तर्जुमा र कार्यान्वयन,

(ग) बीमालेख स्वीकृति,

(घ) बीमकको व्यवसाय बिस्तार र स्वीकृति,

(ङ) बीमकको वित्तीय विवरणको बीमाङ्कीय मूल्यांकन प्रतिवेदन बमोजिम व्यवस्था गर्न स्वीकृति,

(च) बीमकको लगानी सम्बन्धी नीति निर्धारण तथा स्वीकृति,

(छ) बीमा दावी विवादमा मध्यस्थता,

(ज) बीमा दावी उजुरी उपर अर्धन्यायिक निकायको रुपमा सुरु किनारा ।

**५.३ बीमा व्यवसायलाई नियमित गर्ने उद्देश्यसंग सम्बन्धित कार्यहरु :**

(क) स्थलगत, गैर स्थलगत निरीक्षण तथा अनुगमन (बिस्तृत तथा आकस्मिक),

(ख) उजुरी छानविन तथा निर्देशन,

(ग) बिदेशी मुद्रा सिफारिस,

(घ) पुनर्बीमा सम्बन्धि नीति निर्देशन,

(ङ) स्थिर सम्पत्ती खरिद विक्रि स्वीकृति ।

**५.४ बीमा व्यवसायलाई नियन्त्रित गर्ने उद्देश्यसंग सम्बन्धित कार्यहरु :**

(क) आदेश तथा निर्देशन,

(ख) सचेत,

(ग) दण्ड तथा जरिवाना,

(घ) कारोवार रोक्का (आंशिक वा पूर्ण),

(ङ) इजाजत पत्र खारेज ।

## ६ समितिको मानव संसाधन

६.१ बीमा समितिमा पुर्णकालिन अध्यक्ष सहित हाल एक कार्यकारी निर्देशक, एक निर्देशक, चार उप-निर्देशक, दश सहायक निर्देशक, एघार सहायक प्रथम तथा चौध श्रेणी विहिन गरी अनुसूची -१ बमोजिम जम्मा ४१ जना कर्मचारीहरु रहेका छन् :

## ७ समितिको आयस्रोत :

समितिको आयस्रोत देहाय बमोजिम रहेको छ :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) बीमक, बीमा अभिकर्ता तथा सर्भेयरको इजाजतपत्र दर्ता र नवीकरण आदिबाट प्राप्त रकम,

(घ) सेवा शुल्कबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

## ८. समितिको कार्यक्षेत्र

८.१ **जीवन तथा निर्जीवन दुबै बीमा ब्यवसाय गर्ने बीमक**

- राष्ट्रिय बीमा संस्थान, रामशाहपथ, काठमाण्डौ ।

८.२ **जीवन बीमा ब्यवसाय मात्र संचालन गर्ने बीमकहरु :**

- नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड, नक्साल, काठमाण्डौ ।
- नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, कमलादी, काठमाण्डौ ।
- लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड, कमलादी, काठमाण्डौ ।

- अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी (ALICO), पुल्चोक, ललितपुर ।
- एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
- सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, नक्साल, काठमाण्डौ ।
- गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, लाल कोलनीमार्ग, काठमाण्डौ ।
- प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, हात्तिसार, काठमाण्डौ ।

**८.३. निर्जीवन बीमा ब्यवसाय मात्र संचालन गर्ने बीमकहरु :**

- नेपाल ईन्स्योरेन्स कम्पनी लिमिटेड, कमलादी, काठमाण्डौं ।
- दि ओरिएण्टल ईन्स्योरेन्स कम्पनी लिमिटेड, कान्तिपथ, काठमाण्डौं ।
- नेशनल ईन्स्योरेन्स कम्पनी लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौं ।
- हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड, दरबार मार्ग, काठमाण्डौं ।
- यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड, दरवार मार्ग, काठमाण्डौं ।
- प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौं ।
- एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड, हात्तिसार, काठमाण्डौं ।
- नेको इन्सुरेन्स लिमिटेड, हात्तिसार, काठमाण्डौं ।
- सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड, कमलादी, काठमाण्डौं ।
- एलाइन्स इन्स्योरेन्स कम्पनी लिमिटेड, दरबार मार्ग, काठमाण्डौं ।
- एन.वि. इन्सुरेन्स कम्पनी लिमिटेड, लाल दरबार, काठमाण्डौं ।
- प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड, पुतली सडक, काठमाण्डौं ।
- शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौं ।
- लुम्विनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड, ठमेल, काठमाण्डौं ।
- एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड, लाजिम्पाट, काठमाण्डौं ।
- सिद्धार्थ इन्स्योरेन्स लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौं ।

**८.४ आकस्मिक बीमा कोष, लालदरवार, काठमाण्डौ ।**

**८.५ बीमासंग सम्बन्धित पेशागत संगठनहरु :**

- नेपाल बीमक संघ, काठमाण्डौं ।
- नेपाल इन्स्योरेन्स प्रोफेसनल सोसाइटी, काठमाण्डौं ।
- नेपाल पेशागत बीमा अभिकर्ता संघ, काठमाण्डौं ।
- नेपाल सर्भेयर एसोसियसन, काठमाण्डौं ।
- अन्य पेशागत श्रम संगठनहरु, काठमाण्डौ ।

## ९. बीमा समितिबाट आ.ब. ०६५/६६ मा सम्पादित मुख्य मुख्य कार्यहरु

९.१ बीमा नियमनकारी निकायहरुको अन्तरराष्ट्रिय संगठन (IAIS) ले बीमाको अन्तर्राष्ट्रिय मापदण्डको रुपमा तयार गरेको Insurance Core Principles को आधारमा नेपालको बीमा सम्वन्धी सम्पूर्ण पक्षको मूल्याङ्कन (Assessment) गरी तयार गरिएको प्रतिवेनदनलाई अन्तरराष्ट्रिय विज्ञहरुवाट पुनरावलोकन गराई अन्तिम रुप दिइएको ।

९.२ सामुद्रिक बीमादर सम्वन्धी निर्देशिका, २०६५ लाई परिमार्जन गरि लागु गरिएको ।

९.३ मोटर बीमादर सम्वन्धी निर्देशिका, २०६२ लाई परिमार्जन गरि लागु गरिएको ।

९.४ अग्नी बीमादर सम्वन्धी सामान्य नियमहरु, २०५८ लाई परिमार्जन गरि लागु गरिएको ।

९.५ बीमक नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड, अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी (ALICO) र लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको बीमाङ्कीबाट उक्त बीमकहरुको आर्थिक स्थितिको लेखाजोखा तथा दायित्वको मूल्याङ्कन गरी पेश हुन आएको प्रतिवेदनको आवश्यक अध्ययन र बिश्लेषण समेत गरी सो प्रतिवेदन बमोजिमको व्यवस्थाहरु (Provisions) गर्न सशर्त स्वीकृति दिएको ।

९.६ बीमा व्यवसायमा विद्यमान समस्या समयमानै पहिचान गरि समाधानका उपायहरु पहिल्याउने समेत उद्देश्य प्राप्तीको लागि बीमकहरु नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड, एनवि इन्सुरेन्स कम्पनी लिमिटेड तथा एलाईन्स इन्स्योरेन्स कम्पनी लिमिटेडको स्थलगत नीरिक्षण गरिएको ।

९.७ सबै बीमकहरुको गैरस्थलगत निरिक्षण गरी प्रतिवेदन पेश गरेको ।

९.८ बीमा क्षेत्रमा विद्यमान चुनौती र समाधानका उपायहरु पहिल्याउनका लागि बीमकका प्रमुख, उद्योगपति, ब्यापारी, ब्यवसायीक संस्था तथा अन्य सम्बन्धित पक्षहरुसंग अन्तरक्रिया कार्यक्रमहरु गरिएको ।

९.९ बीमा सम्बन्धि जनचेतना अभिबृद्धि गर्नको लागि “बीमा समाचार र बिचार” त्रैमासिक पत्रिका प्रकाशन कार्यलाई निरन्तरता दिइएको ।

९.१० बीमा समिति तथा बीमकका कर्मचारीहरुको दक्षता अभिबृद्धिको लागि ३४ जनाको सहभागितामा Middle Level Management तालिम संचालन गरिएको र ३२ जनाको सहभागितामा Record Management तालिम संचालन गरिएको ।

९.११ काठमाण्डौं उपत्यका भित्र जीवन तथा निर्जीवन बीमा अभिकर्ताको २० वटा तालिम सम्पन्न भएको, जसमध्ये जीवन बीमा अभिकर्ताको आधारभूत १६ वटा तालिम कार्यक्रममा ७३१ जना र निर्जीवन बीमा अभिकर्ताको आधारभूत ४ वटा तालिममा १८९ जनाको सहभागीता रहेको ।

९.१२ बीमा सर्भेयर भई कार्य गर्न चाहने तोकिएको योग्यता पुगेका व्यक्तिहरुको लागि २ वटा आधारभूत तालिम संचालन गरी ७३ जनालाई तालिममा सहभागी गराइएको ।

९.१३ बीमा नियमावली, २०४९को नियम १७(२) वमोजिम बीमकहरुको मागका आधारमा अनुसूची -२ बमोजिमका ३६ वटा शाखा कार्यालय स्थापना गर्न स्वीकृति प्रदान गरिएको ।

९.१४. बीमक बिरुद्ध बीमितबाट पर्न आएका ४१ वटा निवेदन उपर छानविन गरी अनुसूची -३ बमोजिम बीमितको पक्षमा २४ वटा र बीमकको पक्षमा १७ वटा निर्णय भएको ।

९.१५ बीमा सम्बन्धी जनचेतना अभिवृद्धिको लागि काठमाण्डौमा उच्चमाध्यामिक विद्यालय स्तरीय एकवटा बक्तृत्वकला प्रतियोगिता संचालन गरिएको ।

९.१६ बीमा सम्बन्धी जनचेतना अभिवृद्धिको लागि काठमाण्डौमा उच्चमाध्यामिक विद्यालय स्तरीय एकवटा हाजिरी जवाफ प्रतियोगिता संचालन गरिएको ।

९.१७ वित्तिय विवरणमा एकरुपता बनाउनका लागी बीमकको वित्तिय विवरण सम्बन्धी निर्देशनहरु तथा बीमकको लेखापरिक्षकको विस्तृत प्रतिवेदन (Long Form Audit Report) का न्यूनतम बुँदाहरु तोकिनुका साथै आ.ब. २०६४/६५ देखि नै उक्त तोकिएका ब्यवस्थाहरु पुरा गर्न निर्देशन ।

९.१८ बीमकको वित्तिय विवरण सम्बन्धी निर्देशन तथा लेखापरिक्षकको विस्तृत प्रतिवेदन (Long Form Audit Report) मा समावेश हुनु पर्ने न्यूनतम बुँदाहरुमा गरिएको आवश्यक परिमार्जनको जानकारी गराउँदै आ.ब. २०६४/६५ देखि नै वित्तिय विवरण समयमानै तयार गर्न गराउन निर्देशन ।

९.१९ बीमकहरुले चुक्ता पूँजी बृद्धि गर्न हकप्रद शेयर जारी गर्दा बीमकका संस्थापकहरुबाट हकप्रद शेयर वापतको सम्पूर्ण रकम भुक्तानी भएपछि मात्र सर्वसाधारण शेयर धनीबाट हकप्रद शेयर वापतको रकम भुक्तानी लिने ब्यवस्था गर्न गराउन निर्देशन ।

९.२० २०६६ सालको लागि २३,४७९ वटा बीमा अभिकर्ता इजाजतपत्र नवीकरण गर्नुको साथै २०६६ सालमा २५,४५७ वटा बीमा अभिकर्ताको नया इजाजतपत्र दर्ता गरिएको ।

९.२१ २०६६ सालको लागि १२९ वटा बीमा सर्भेयरको इजाजतपत्र नवीकरण गर्नुको साथै २०६६ सालमा १९ वटा बीमा सर्भेयरको नया इजाजतपत्र दर्ता गरिएको ।

९.२२ आ.ब.२०६४/६५ को बार्षिक प्रतिवेदन नेपाल सरकार, अर्थ मन्त्रालयमा पेश गरी सर्वसाधारणका लागि प्रकाशन गरेको ।

९.२४ बीमकहरुबाट प्राप्त लगानीको चौमासिक विवरणको आधारमा प्रतिवेदन तयार गरी प्रकाशन गरेको ।

९.२५ बीमकहरुबाट प्राप्त कारोवारको चौमासिक विवरणको आधारमा प्रतिवेदन तयार गरी प्रकाशन गरेको ।

९.२६ बीमकहरुको स्थिर सम्पत्ति खरिद विक्रि सम्बन्धी निर्देशन परिमार्जन गरी लागू गरिएको ।

९.२७ बीमा समितिको आ.ब. २०६५/६६ को बार्षिक कार्यक्रमको समिक्षा अनुसूची -५ मा देखाइएको छ ।

**१० <u>बीमा समितिको आय ब्यय हिसाव</u>**

बीमा ऐन, २०४९ को दफा ३४ बमोजिम विभिन्न श्रोतबाट प्राप्त रकमको आ.ब. २०६५/६६ को आय ब्यय हिसावलाई अनुसूची -४ मा देखाइएको छ ।

**११. <u>बीमा क्षेत्रमा विद्यमान समस्याहरु</u>**

११.१ बीमा सम्बन्धी जनचेतनाको कमी,

११.२ दक्ष जनशक्तिको अभाव,

११.३. वचत गर्ने क्षमताको कमि,

११.४. लगानीको लागि उपयुक्त अवसरहरु पर्याप्त मात्रामा उपलब्ध नहुनु,

११.५. बीमा ब्यवसायमा अस्वस्थ प्रतिस्पर्धा हुनु,

११.६. देश भित्र पुनर्बीमकको स्थापना नहुनु ।

**१२. <u>बीमा क्षेत्रमा विद्यमान चुनौती तथा उपायहरु</u>**

१२.१. बीमकहरुको स्थलगत तथा गैर स्थलगत निरीक्षणबाट प्राप्त नतिजाको आधारमा अधिकांश बीमकले बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९ तथा बीमा समितिबाट समय समयमा जारी गरिएका निर्देशनहरुको पालना नगरिएको पाइएकोले त्यस्तो आदेश निर्देशनको पालना अझ सहि रुपमा पालना गर्न गराउनु आवश्यक कारवाही गर्नु पर्ने ।

१२.२. देशमा विद्यमान अर्थतन्त्रको संकुचित परिवेशलाई दृष्टिगत गर्दा बीमकहरुसंग रहेको लगानी योग्य रकमलाई सुरक्षित, प्रतिफल र तरल रुपमा लगानी गर्न आवश्यक अन्य क्षेत्र पहिचान गरी लगानीको क्षेत्रको दायरा बढाउनु पर्ने ।

१२.३. नेपालको बीमा व्यवसायलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बीमा सेवाको गुणस्तरमा बृद्धि गर्नु गराउनु पर्ने ।

१२.४. निर्जीवन बीमालाई समाजिक तथा प्राकृतिक जोखिमबाट उत्पन्न हुन सक्ने आर्थिक क्षति व्यवस्थापन गर्ने सशक्त संयन्त्रको रुपमा स्वदेशमै पुनर्बीमा कम्पनीको स्थापना तर्फ कदम चाल्नु पर्ने ।

१२.५. ग्रमिण क्षेत्र, न्यून आयवर्ग तथा समाजका सबै तहसम्म बीमा सेवाको पहुँच पु-याउनका लागि लघु बीमा योजनालाई ब्यापक गर्नु पर्ने ।

१२.६. बीमितको हित संरक्षण सुनिश्चित गर्न विश्वसनीय संयन्त्रहरुको विकास गर्नुका साथै उक्त संयन्त्र प्रति बीमितलाई सुशुचित गर्नु पर्ने ।

१२.७. बीमा क्षेत्रको विकास गर्नको लागि आवश्यक तथा प्रतिस्पर्धी जनशक्ति तयार गुर्न पर्ने ।

**१३. आर्थिक बर्ष ०६६।०६७ को बजेट बक्तव्यमा बीमा**

१३.१. किसानको उत्पादन तथा पशुपालनको सुरक्षणको लागि पशु तथा बालीको लघु बीमाको लागि बजेट छुट्याएको ।

१३.२. निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई निरन्तरता दिदैं यसलाई जिल्ला तहसम्म विस्तार गरिने, यसका लागि भौतिक पूर्वाधार, आवश्यक जनशक्ति र बजेटको व्यवस्था मिलाई “सबैको लागि स्वास्थ्य” को अवधारणालाई क्रमश: कार्यान्वयन गरिदै लगिने र जनताको स्वास्थ्य बीमा गर्ने कार्यक्रम सञ्चालन गर्नकालागि आगामी वर्ष सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाएको ।

१३.३. बैंक तथा वित्तीय संस्थाहरुले साना व्यक्तिगत निक्षेपकर्ताहरुको सुरक्षणको लागि दुई लाख रुपैयाँसम्मको बचत तथा मुद्धती निक्षेपको वीमा अनिवार्य रुपले गर्नुपर्ने व्यवस्था मिलाएको ।

१३.४. बीमा व्यवसायमा समयानुकूल सुधार गर्न प्रचलित वीमा ऐनमा आवश्यक संशोधन गरिने, पूनर्विमा व्यवसायलाई मुलुक भित्रबाटै सञ्चालनमा ल्याउन विदेशी तथा स्वदेशी निजी क्षेत्रको सहभागितामा पूनर्विमा कम्पनी स्थापना गर्ने तर्फ कानूनी लगायतका आवश्यक व्यवस्था गरिने र राष्ट्रिय वीमा संस्थानको संरचनात्मक सुधार गरी यसको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिने ।

१३.५. सडक दुर्घटनाका कारण मृतकका आफन्त तथा छरछिमेकले तत्काल राहतको माग गरी सवारी साधन तोडफोड गर्ने, सडक अवरुद्ध गर्ने घटनाहरु दिन प्रतिदिन बढ्दै गइरहेकाछन् । मृतकका परिवारजनलाई तत्काल राहत प्रदान गर्न २०६६ भदौ १ गतेदेखि सबै सार्वजनिक तथा निजी यातायातका साधनले मृतक परिवारलाई रु.पाँच लाख रुपैयाको नगद राहत प्राप्त हुने गरी तेस्रोपक्ष वीमा समेत गर्नुपर्ने व्यवस्था अनिवार्य गरिने र नयाँ सवारी साधन दर्ता र नवीकरण गर्दा तेस्रो पक्ष वीमा गराएको प्रमाण अनिवार्य रुपमा पेश गर्नु पर्ने व्यवस्था गरिने ।

## १४ आ.व. २०६६/६७ को बीमा समितिको वार्षिक कार्यक्रम

### १४.१.संस्थागत सुधार गर्ने

- समितिको संस्थागत सुधारको लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना तर्जुमा गर्न गठित कार्यदलको सुझाव समेतको आधारमा कार्य योजना तयार गर्ने ।
- कार्य योजना लागू गर्ने ।

### १४.२. ICP Self Assessment को आधारमा समितिको कार्य योजना तयार गर्ने

- IAIS का आधारभूत सिद्धान्तहरुको आधारमा समितिको अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन योजना तयार गर्ने ।
- कार्य योजना लागू गर्ने ।

### १४.३.कानूनी व्यवस्थामा परिमार्जन गर्ने

- नयाँ बीमा ऐनको मसौदालाई अन्तिम रुप दिई नेपाल सरकार समक्ष पेश गर्ने ।
- बीमा ऐनको संशोधन अनुरुप नियमावली मसौदा तयार गर्ने ।
- बीमा समिति कर्मचारी सेवा शर्त विनियमावलीको मसौदा पेश गर्ने ।

### १४.४.लघु बीमा लागू गर्ने

- लघु बीमा सम्बन्धी अध्ययन गरी नीति तथा कानूनी आधार तयार गर्ने,
- सोही अध्ययन प्रतिबेदनको आधारमा कार्य योजना तयार गरी लागू गर्ने ।

### १४.५.बीमा दावी भुक्तानीको प्रक्रिया सरलीकरण गर्ने ।

- जीवन बीमा दावी सम्बन्धी कागजात तोकी दाबी भुक्तानी प्रक्रियालाई सरल बनाउने ।
- मोटर बीमा दावी सम्बन्धी कागजात तोकी दाबी भुक्तानी प्रक्रियालाई सरल बनाउने ।

### १४.६.बीमालेख सरलीकरण र परिमार्जन गर्ने

- अग्नि बीमालेख (सम्पुष्टि समेत) लाई परिमार्जन गरी सरल बनाउने,
- मोटर बीमालेख (सम्पुष्टि समेत) लाई परिमार्जन गरी सरल बनाउने ।

### १४.७.जनचेतना अभिबृद्धि गर्ने

- जीवन तथा निर्जीवन बीमा सम्बन्धी बुकलेट र लिफलेट तयार गरी वितरण गर्ने,
- श्रव्य दृष्य प्रशारण सामाग्री तयार गरी प्रशारण गर्ने,
- बीमा बारे जनचेतनामूलक सूचना प्रकाशन र प्रशारण गर्ने,
- काठमाण्डौ उपत्यका वाहिर ५ वटा अन्तरक्रिया कार्यक्रम गर्ने,
- काठमाण्डौ उपत्यका भित्र ६ वटा अन्तरक्रिया कार्यक्रम गर्ने ।

**१४.८. बीमा विषयलाई पाठ्यक्रममा व्यापकता दिने**

- शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र लगायतको निकायहरुसंग सहकार्य गर्ने,
- सम्बन्धित विज्ञहरुसंग अन्तर्क्रिया गर्ने ।
- सम्बन्धित निकायसंग सहकार्य गरी उप समितिको प्रतिवेदन कार्यान्वयन गराउन पहल गर्ने ।
- पाठ्य सामग्री तयार गर्ने

**१४.९. व्यवसायिक जनशक्तिको विकास गर्ने**

- अभिकर्तालाई तालिम प्रदान गर्ने,
- सर्भेयरलाई तालिम प्रदान गर्ने,
- बीमक तथा समितिका कर्मचारीलाई तालिम प्रदान गर्ने,
- बीमांकीय विज्ञान सम्बन्धी तालिम प्रदान गर्ने,
- बीमांकीय विज्ञान बिषय अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गर्ने,
- बीमा सम्बन्धी व्यवसायीक तथा उच्च शिक्षा अध्ययन गर्नको लागि छात्रवृत्ति प्रदान गर्ने ।

**१४.१०. आर्थिक प्रशासन विनियमावली तथा खरिद विनियमावली लागू गर्ने**

- आर्थिक प्रशासन विनियमावली तयार गरी लागू गर्ने ।
- खरिद विनियमावली तयार गरी लागू गर्ने ।

**१४.११. नेपाली बीमितको मृत्युदर तालिका (मोर्टालिटी टेबुल) निर्माण गरी लागू गर्ने**

- नेपाली बीमितको मृत्युदर तालिकाको मसौदालाई अन्तिम रुप दिई लागू गर्ने

**१४.१२. बीमकको जोखिमको विवरण (रिस्क प्रोफाइल) तयार गर्ने**

- बीमकको समग्र जोखिमको विवरण तयार गर्नका लागि सूचकहरु निर्धारण गर्ने ।
- सोही सूचकहरुको आधारमा बीमकको समग्र जोखिमको विवरण तयार गर्ने ।
- स्थलगत निरीक्षण :<br>जीवन बीमा गर्ने बीमक -२<br>निर्जीवन बीमा गर्ने बीमक -२

**१४.१३. बीमकको लगानी सम्बन्धी व्यवस्थामा परिमार्जन गर्ने**

- जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको लागि तोकिएको लगानी सम्बन्धी व्यवस्था परिमार्जन गर्ने ।
- परिमार्जित ब्यवस्था लागू गर्ने ।

**१४.१४. जीवन बीमा ब्यवसाय गर्ने बीमकको सोल्भेन्सी मार्जिन सम्बन्धी निर्देशिका निर्माण गर्ने**

- जीवन बीमा ब्यवसाय गर्ने बीमकहरुको सोल्भेन्सी मार्जिन सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने ।

**१४.१५. बीमकको सुशासन तथा आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने**

- बीमकको सुशासन तथा आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गर्ने ।
- तयार गरिएको निर्देशिका लागू गर्ने ।

**१४.१६. डिट्यारिफ सम्बन्धि अध्ययन प्रतिबेदन कार्यान्वयन गर्ने ।**

- डिट्यारिफ सम्बन्धमा अध्ययन गर्न गठित उप समितिको प्रतिवेदन कार्यान्वयन गर्ने

**१४.१७. बीमाको प्राबिधिक शब्दहरुको परिभाषा तयार गर्ने**

- नेपालको बीमा क्षेत्रमा प्रयोग भईरहेका प्राविधिक शब्दहरुको परिभाषा तयार गरी प्रकाशन गर्ने ।

**१४.१८. लेखा परीक्षकको छनौट सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने ।**

- बीमकहरुको लेखा परीक्षक छनौट सम्बन्धी मापदण्ड तयार गरी तोक्ने ।

**१४.१९. आधुनिक फाइलिङ्ग पद्धति लागू गर्ने ।**

- उपयुक्त आधुनिक फाइलिङ पद्धति लागू गर्ने,
- महत्वपूर्ण फाइलहरुको इलेक्ट्रोनिक (सफ्ट) स्वरुप तयार गर्ने ।

## १५. आर्थिक गतिविधि:

विश्वको अर्थ व्यवस्थामा उच्च मूल्यबृद्धि र विभिन्न भु-भागमा प्राकृतिक प्रकोप जस्ता अवस्थाको प्रभाव देखा परेता पनि खासगरी अनुकुल वित्तीय बजारको स्थिति तथा समायोजनात्मक समष्टिगत आर्थिक नीतिहरुका कारण विश्वको आर्थिक बृद्धिदर उत्साहजनक रहन गएको देखिन्छ । औद्योगिक उत्पादनमा भएको उच्च बृद्धि, सेवा क्षेत्रको सवलता, अन्तर्राष्ट्रिय ब्यापारमा तिव्र विस्तार, उपभोक्ताको बढ्दो विश्वासका साथै सुदृढ श्रम बजारको कारण सन् २००९ को आर्थिक बृद्धिदरमा बृद्धि हुने अनुमान गरिएको छ । नेपालको परिप्रेक्ष्यमा विगतको द्वन्द कालमा उत्पन्न शान्ति सुरक्षाको असहज परिस्थितिले गर्दा भौतिक संरचना एवं विकासका पूर्वाधारमा असामान्य क्षति पुग्नुको साथै त्यस्तो असहज परिस्थिति, पटक पटक भइरहने बन्द-हड्ताल, लोडसेडिङ्ग, नियमित आपूर्तिमा देखिएको समस्या, व्यबसायी र श्रमिकहरू बीच सिर्जना भइरहने असमझदारी, औद्योगिक सुरक्षाको अभाव आदिका कारण औद्योगिक तथा व्यावसायिक वातावरण सहज नभएको आदि कारणले नेपालको आर्थिक बृद्धिदरमा उल्लेखनिय बृद्धि हुन सकेन ।

### १५.१ अन्तर्राष्ट्रिय आर्थिक वृद्धिदर :

सन् २००५ देखि २००८ सम्ममा विश्वको आर्थिक वृद्धिदर ४.४%, ५.५%, ४.९०% र ३.७% रहेको छ भने सन् २००९ मा ३.८% हुने प्रक्षेपण गरिएको छ ।

विकसित अर्थतन्त्रहरुको आर्थिक वृद्धिदर सन् २००५ देखि २००८ सम्ममा २.७%, २.५%, ३.१%, र २.५% रहेको र सन् २००९ मा १.३% हुने प्रक्षेपण गरिएको छ ।

सन् २००५ देखि २००८ सम्ममा नेपालका छिमेकी राष्ट्रहरु मध्ये भारतको आर्थिक वृद्धिदर ९.१%, ९.७%, ९.२% र ७.९% तथा चीनको १०.४%, ११.१%, ११.४% र ९.३% रहेकोमा सन् २००९ मा भारतको ८% र चीनको ९.५% आर्थिक वृद्धिदर रहने अनुमान छ ।

### १५.२ राष्ट्रिय आर्थिक बृद्धिदर :


सन् २००५ देखि २००८ सम्ममा नेपालको आर्थिक बृद्धिदर ३.१%, २.८%, २.५%, र ४.०% सन् २००९ मा ४.५% ले बढेको प्रारम्भिक अनुमान छ ।

माथिका तथ्याङ्कहरुलाई बिश्लेषण गर्दा नेपालको आर्थिक बृद्धिदर विश्वको औषत बृद्धिदरको हाराहारीमा रहेको तर छिमेकी मूलुकहरु भारत र चीनको बृद्धिदरको तुलनामा निकै कम रहेको देखिन्छ (तालिका १) ।

तालिका १
विश्वको आर्थिक बृद्धिदर

| विवरण | आर्थिक बृद्धिदर (प्रतिशतमा) | | | | |
|---|---|---|---|---|---|
| | २००५ | २००६ | २००७ | २००८ | २००९ |
| विश्व अर्थतन्त्र | ४.४ | ५.० | ४.९ | ३.७ | ३.८ |
| विकसित अर्थतन्त्रहरु | २.७ | २.५ | ३.१ | २.५ | १.३ |
| चीन | १०.४ | ११.१ | ११.४ | ९.३ | ९.५ |
| भारत | ९.१ | ९.७ | ९.२ | ७.९ | ८.० |
| नेपाल | ३.१ | २.८ | २.५ | ४.० | ४.५ |

*श्रोत :: **नेपाल राष्ट्र बैंक माइको इकोनोमिक इण्डिकेटर्स अफ नेपाल, २००८***




**१६. अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रतिब्यक्ति बीमाशुल्क आर्जन :**


विश्वको बीमाशुल्क आर्जनको तुलनामा प्रति व्यक्ति बीमाशुल्क आर्जनलाई अध्ययन गर्दा सन् २००२/०३ देखि २००७/०८ सम्ममा औषत ६.२३% ले प्रति व्यक्ति बीमाशुल्क आर्जनमा बृद्धि भएको देखिन्छ । विश्वको आर्थिक बृद्धिदरको तुलनामा विश्वको प्रतिब्यक्ति बीमाशुल्क आर्जनमा उल्लेखनिय बृद्धि भएको छ । नेपालको प्रतिब्यक्ति बीमाशुल्क आर्जन सन् २००२/०३ देखि २००८/०९ सम्मको क्रमशः २.३९, २.५९, २.८६, ३.१९, ३.७२, ४.२२ र ५.०७ अमेरिकन डलर रहेको छ (तालिका २) ।

तालिका २

विश्वको प्रतिब्यक्ति बीमाशुल्क आर्जन*

| विवरण | विश्वको प्रतिब्यक्ति बीमाशुल्क आर्जन (अमेरिकन डलरमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २००८/०९ | २००७/०८ | २००६/०७ | २००५/०६ | २००४/०५ | २००३/०४ | २००२/०१ |
| विश्व | ६७३.४० | ६३३.९० | ६०७.७० | ५५४.८० | ५१८.५० | ५११.५० | ४६९.६० |
| भारत | ४९.०० | ४७.४० | ४६.६० | ३८.४० | २२.७० | १९.७० | १६.४० |
| चीन** | | | ६९.६० | ५३.५० | ४६.३० | ४०.२० | ३६.३० |
| श्रीलंका** | | | २४.९० | २१.३० | १६.३० | १४.१० | १२.५० |
| पाकिस्तान** | | | ६.५० | ५.९० | ४.६० | ३.७० | २.९० |
| बंगलादेश** | | | २.९० | २.६० | २.५० | २.३० | २.१० |
| नेपाल | ५.०७ | ४.२२ | ३.७२ | ३.१९ | २.८६ | २.५९ | २.३९ |

**Source** : Swiss Re, Sigma Re various volumes and Report of IRDA, India
* Insurance density measured as ratio or premium (in US Dollar) to total population
** Data are not available




## १७. अन्तर्राष्ट्रिय र राष्ट्रिय कुल गार्हस्थ उत्पादनको तुलनामा बीमाशुल्कको योगदान

सन् २००२/०३ देखि २००८/०९ सम्ममा विश्वको कूल गार्हस्थ उत्पादनको तुलनामा विश्वभरको बीमा व्यवसायबाट भएको कूल बीमाशुल्कको योगदान क्रमशः ८.०६%, ७.९९%, ७.५२%, ७.५०%, ७.५०%, ७.०७% रहेको देखिन्छ भने सन् २००९ मा ७.०५% रहने प्रक्षेपण गरिएको छ।

आ.ब.२००२/०३ देखि २००८/०९ सम्ममा नेपालको कूल गार्हस्थ उत्पादनको तुलनमा बीमा ब्यवसायबाट भएको योगदान क्रमशः ०.८८%, ०.९०%, ०.९९%, १.०३%, १.१०% र १.१७% रहेको देखिन्छ भने सन् २००८/०९ मा १.३६ पुग्ने अनुमान छ ।


यसरी विश्वको कूल गार्हस्थ उत्पादन र छिमेकी राष्ट्रको तुलनामा कूल बीमाशुल्क आर्जनलाई बिश्लेषण गर्दा नेपालको कूल गार्हस्थ उत्पादनको तुलनामा कूल बीमाशुल्क आर्जन कम रहेको देखिन्छ (तालिका ३)।

तालिका ३

विश्वको कुल गार्हस्थ उत्पादनमा बीमा व्यवसायको योगदान

| विवरण | विश्वको कुल गार्हस्थ उत्पादनमा बीमा व्यवसायको योगदान (प्रतिशतमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २००८/०९ | २००७/०८ | २००६/०७ | २००५/०६ | २००४/०५ | २००३/०४ | २००२/०१ |
| विश्व | ७.०५ | ७.०७ | ७.५० | ७.५० | ७.५२ | ७.९९ | ८.०६ |
| भारत | ४.०६ | ४.६० | ४.७० | ४.८० | ३.१४ | ३.१८ | २.८८ |
| चीन* | | | २.९० | २.७० | २.७० | ३.२६ | ३.३३ |
| श्रीलंका* | | | १.५० | १.६० | १.४६ | १.३७ | १.३० |
| पाकिस्तान* | | | ०.७० | ०.८० | ०.६७ | ०.७१ | ०.६२ |
| बंगलादेश* | | | ०.७० | ०.६० | ०.६१ | ०.५७ | ०.५७ |
| नेपाल | १.३६ | १.१७ | १.१० | १.(०३ | ०.९९ | ०.९० | ०.८८ |

**Source** : Swiss Re, Sigma Re various volumes and Report of IRDA, India
* Data are not available



**१८. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय बीमाशुल्क बृद्धिदर :**

सन् २००२/०३ देखि २००७/०८ सम्ममा विश्वको बीमाशुल्क बृद्धिदर २.५%, २.९%, २.५०%, ४.२% र ३.४४% रहेको छ भने २००८/०९ मा ३.१९% पुग्ने अनुमान गरिएको छ। नेपालको छिमेकी राष्ट्र भारतमा सन् २००२/०३ देखि २००७/०८ सम्ममा बीमाशुल्क बृद्धिदर १७.३८%, १६.५२%, २४.९९%, ४९.९५% र २७.४०% र ८.१८% रहेको छ भने २००८/०९ मा ५.६९% पुग्ने अनुमान गरिएको छ ।


सन् २००२/०३ देखि २००७/०८ सम्ममा नेपालको बीमाशुल्क बृद्धिदर क्रमशः १९.१०%, १०.८१%, २१.०८%, १४.१४%, १८.६३%, र १५.९६% रहेको देखिन्छ। सन् २००८/०९ ( २०६५/६६) मा बीमाशुल्कमा २७.५८% ले बृद्धि हुने अनुमान गरिएको छ।

तालिका ४

विश्वको बीमाशुल्क बृद्धिदर

| विवरण | बीमाशुल्क बृद्धिदर (प्रतिशतमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २००८/०९ | २००७/०८ | २००६/०७ | २००५/०६ | २००४/०५ | २००३/०४ | २००२/०१ |
| विश्व | ३.१९ | ३.४४ | ३.६ | ४.२ | २.५ | २.९ | २.५ |
| भारत | ५.६७ | ८.१८ | २७.४० | ४९.९५ | २४.९९ | १६.५२ | १७.३८ |
| नेपाल | २७.५८ | १५.९६ | १८.६३ | १४.१४ | २१.०८ | १०.८१ | १९.१० |

**Source** : Swiss Re, Sigma Re various volumes and Report of IRDA, India



## १९. नेपालको बीमा बजारको वस्तुस्थिति :

### १९.१ कुल बीमाशुल्क आर्जन

नेपालको बीमा व्यवसायबाट आ.ब. २०६५/६६ मा रु. १० अर्ब ९० करोड बीमाशुल्क आर्जन भएको देखिन्छ भने आ.ब. २०६४/६५ मा रु. ८ अर्ब ५४ करोड ३२ लाख बीमाशुल्क आर्जन भएको थियो । यसरी आ.ब. ०६४/६५ को तुलनामा आ.ब. २०६५/६६ मा बीमाशुल्क आर्जनमा रु. २ अर्ब ३५ करोड ६८ लाख अर्थात २७.५८% ले बृद्धि भएको देखिन्छ । आ.ब. २०५९/६० देखि आ.ब. २०६४/६५ सम्ममा कुल बीमाशुल्क आर्जनमा क्रमशः १९.१०%, १०.८१%, २१.०८%, १४.१४%, १८.६३% र १५.९६% ले बृद्धि भएको देखिन्छ (तालिका ५) ।


आ.ब. २०५९/६० देखि आ.ब. २०६४/६५ सम्ममा जीवन बीमाशुल्क आर्जनमा क्रमश : २७.७३%, ३१.३३%, २६.५७%, २३.१५%, २२.८९%, र १७.३४% ले बृद्धि भएको थियो भने आ.ब. २०६५/६६ मा जीवन बीमाशुल्क आर्जनमा ३४.३३% ले बृद्धि हुने अनुमान गरिएको छ (तालिका ५) ।

आ.ब. २०५९/६० देखि आ.ब. २०६४/६५ सम्ममा निर्जीवन बीमाशुल्क आर्जनमा क्रमश : १३.८८%, –३.१२%, १६.०४%, ५.१०%, १३.६३%, र १४.२१% ले बृद्धि भएको थियो भने आ.ब. २०६५/६६ मा निर्जीवन बीमाशुल्क आर्जनमा १८.७७% ले बृद्धि हुने अनुमान गरिएको छ (तालिका ५)।


तालिका ५
जीवन तथा निर्जीवन बीमा व्यवसायबाट आर्जन भएको कुल बीमाशुल्क

| आर्थिक बर्ष | जीवन बीमाशूल्क आर्जन (रु.करोडमा) | अघिल्लो आ.ब.को तूलनामा बृद्धि प्रतिशत | निर्जीवन बीमाशूल्क आर्जन (रु.करोडमा) | अघिल्लो आ.ब.को तूलनामा बृद्धि प्रतिशत | कूल बीमाशुल्क (रु.करोडमा) | अघिल्लो आ.ब.को तूलनामा बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०५९/६० | १६३.९२ | २७.७३ | २४१.६१ | १३.८८ | ४०५.५३ | १९.१० |
| २०६०/६१ | २१५.२८ | ३१.३३ | २३४.०८ | (३.१२) | ४४९.३६ | १०.८१ |
| २०६१/६२ | २७२.४८ | २६.५७ | २७१.६२ | १६.०४ | ५४४.१० | २१.०८ |
| २०६२/६३ | ३३५.५५ | २३.१५ | २८५.४६ | ५.१० | ६२१.०१ | १४.१४ |
| २०६३/६४ | ४१२.३५ | २२.८९ | ३२४.३६ | १३.६३ | ७३६.७१ | १८.६३ |
| २०६४/६५ | ४८३.८७ | १७.३४ | ३७०.४५ | १४.२१ | ८५४.३२ | १५.९६ |
| २०६५/६६ | ६५०.०० | ३४.३३ | ४४०.०० | १८.७७ | १०९०.०० | २७.५८ |

श्रोत : बीमा समिति
राष्ट्रिय बीमा संस्थानको आ.ब. २०६०/६१ देखि २०६५/६६ सम्मको अनुमानित विवरण समावेस गरिएको ।




आ.ब. २०५९/६० देखि २०६५/६६ सम्मको नेपालको बीमा व्यवासयको जीवन, निर्जीवन तथा कुल बीमाशुल्क बृद्धिदरलाई निम्नानुसारको चित्रमा प्रस्तुत गरिएको छ (तालिका ५)।



## १९.२ कुल ग्रार्हस्थ उत्पादनमा कुल बीमाशुल्कको योगदान :


कुल बीमाशुल्कलाई कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्यमा) संग तुलना गर्दा आ.ब. ०६५/६६ मा कुल गार्हस्थ उत्पादनमा १.३६% रहेको देखिन्छ । आ.व. ०५९/६० देखि ०६४/६५ सम्ममा सो योगदान क्रमश: ०.८८%, ०.९०%, .९९%, १.०३%, १.१०% र १.१७% रहेको छ (तालिका ६)।

तालिका ६
कुल गार्हस्थ उत्पादनको तुलनामा कुल बीमाशुल्क आर्जन**

| आ.ब. | कूल बीमाशूल्क आर्जन (रु.करोडमा) | कूल गार्हस्थ उत्पादन (प्रचलित मुल्यमा)* (रु.करोडमा) | कूल गार्हस्थ उत्पादनको तूलनामा कूल बीमाशूल्क आर्जन (प्रतिशतमा) |
|---|---|---|---|
| २०५९/६० | ४०५.५३ | ४६०३२.५३ | ०.८८ |
| २०६०/६१ | ४४९.३६ | ५००६९.९१ | ०.९० |
| २०६१/६२ | ५४४.१० | ५४८४८.४७ | ०.९९ |
| २०६२/६३ | ६२१.०१ | ६०३६७.२६ | १.०३ |
| २०६३/६४ | ७३६.७१ | ६७०५८.८७ | १.१० |
| २०६४/६५ | ८५४.३२ | ७३२८४.६२ | १.१७ |
| २०६५/६६ | १०९०.०० | ८०१४७.०९ | १.३६ |

* श्रोत : केन्द्रीय तथ्याङ्क विभाग

** राष्ट्रिय बीमा संस्थानको आ.ब. २०६०/६१ देखि २०६५/६६ सम्मको अनुमानित विवरण समावेस गरिएको ।



### १९.३ जीवन बीमा व्यवसायबाट भएको लगानी :

प्रचलित बीमा ऐन तथा नियमावली अनुसार बीमकहरुको लगानी योग्य रकमलाई दीर्घकालीन रुपमा नेपाल भित्र लगानी गर्न लगाउने यस समितिको नीति भए बमोजिम बीमकहरुले नेपाल सरकारको राष्ट्रिय बचत-पत्र/ऋणपत्र, बैंक तथा वित्तीय संस्थाहरुको मुद्दती खाता, शेयर, बीमालेखको धितोमा कर्जा आदिमा उक्त रकम लगानी गर्दै आएका छन् । आ.ब. ०५९/६० देखि आ.ब. ०६४/६५ सम्ममा जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट क्रमश रु. ९४६.२५ करोड, १,०२५.९५ करोड, रु. १,१८०.०२ करोड, रु. १,५२०.११ करोड, रु.१,८३९.७६ करोड र रु.२०३४.९९ करोड लगानी भएको छ (तालिका नं.७) । साथै आ.ब. ०६४ /६६ को तुलनामा आ.ब. ०६५/६६ मा ३०.३०% ले लगानी रकममा बृद्धि भएको देखिन्छ (तालिका ७) ।


तालिका -७

जीवन बीमा व्यवसायबाट भएको लगानी

(रु.करोडमा)

| कम्पनीको नाम | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ | २०६५/६६ |
|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय बीमा संस्थान | ७१८.६२ | ६९६.८५ | ७३३.१३ | ७७५.३९ | ८१७.५३ | ८५५.९८ | १०२५.०० |
| नेशनल लाईफ इ.कं.लि. | ९९.२० | १३७.०८ | १७२.१७ | १९३.६७ | २५७.९२ | ३१०.८० | ३५४.८४ |
| नेपाल लाइफ इ.कं.लि. | ५६.२४ | ८२.९२ | १०६.१० | १५८.४८ | २२७.०६ | २७३.६० | ३५९.७२ |
| लाइफ इ.कर्पोरेशन (नेपाल) लि. | ३६.८८ | ५६.८१ | ८९.०२ | १३५.४९ | २१३.४४ | २६८.९२ | ३५७.२८ |
| अमेरिकन लाइफ इ.कं. | ३५.३१ | ५२.२८ | ७९.६१ | २५७.०८ | ३२३.८१ | ३२५.६९ | ४०८.९६ |
| एशियन लाइफ इ.कं.लि. | | | | | | २५.४७ | ५३.०१ |
| सुर्या लाइफ इ.कं.लि. | | | | | | २४.८२ | २५.०६ |
| गूरांश लाइफ इ.कं.लि. | | | | | | २३.०० | २७.६० |
| प्राइम लाइफ इ.कं.लि. | | | | | | २३.६१ | ४०.१५ |
| **जम्मा** | **९४६.२५** | **१,०२५.९५** | **१,१८०.०२** | **१,५२०.११** | **१,८३९.७६** | **२,०३४.९९** | **२६५१.६२** |

राष्ट्रिय बीमा संस्थानको आ.ब. २०६०/६१ देखि २०६५/६६ सम्मको अनुमानित विवरण समावेस गरिएको ।



## १९.४ निर्जीवन बीमा व्यवसायबाट भएको लगानी :


आर्थिक बर्ष ०५९/६० देखि ०६५/६६ सम्ममा निर्जीवन बीमा व्यवसायबाट नेपालभित्र लगानी योग्य रकम क्रमश: रु. २५६.५१ करोड, रु. २६६.०९ करोड, रु. ३०३.२३ करोड, रु. ३२१.१० करोड, ३४४.७५ करोड, ४१८.३१ करोड तथा ५००.७९ करोड लगानी भएको छ (तालिका ८)।

***तालिका ८***
***निर्जीवन बीमा व्यवसायबाट भएको लगानी***

***(रकम रु. करोडमा)***

| कम्पनीको नाम | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ | २०६५/६६ |
|---|---|---|---|---|---|---|---|
| नेपाल इ.कं.लि. | २१.८८ | २०.१० | १९.०८ | १९.१२ | २१.२० | २६.३७ | २८.८६ |
| दि ओरिएण्टल इ.कं.लि. | २९.९२ | २९.८६ | ४१.०७ | ४२.७८ | ४२.९४ | ५९.५१ | ६३.१७ |
| राष्ट्रिय बीमा संस्थान | ८६.२३ | ८४.११ | ८७.२७ | ८७.०१ | ८८.४२ | ८८.३५ | १२१.८२ |
| नेशनल इ.कं.लि. | २१.४३ | २१.६७ | २६.३३ | २५.२२ | ४०.९० | ४१.२४ | ४८.४८ |
| हिमालयन ज.इ.कं.लि. | ७.२६ | ९.१४ | ११.०८ | ८.३६ | ८.१० | ८.६५ | २४.८१ |
| यूनाईटेड इ.कं. (नेपाल) लि. | ८.३२ | १०.७६ | १४.३६ | १५.६० | १७.२७ | २४.३ | २५.९४ |
| प्रिमियर इ.कं. (नेपाल) लि. | ७.२० | ९.०२ | १०.२२ | ११.२६ | १२.७६ | १६.२४ | २१.३७ |
| एभरेष्ट इ.कं. लि. | ११.५८ | ११.४५ | ११.३८ | १४.१६ | १३.२३ | २४.३५ | २४.२३ |
| नेको इ.लि. | १०.०० | १०.०६ | १०.११ | १०.११ | ९.११ | ९.८७ | १७.९१ |
| सगरमाथा इ.कं.लि. | १०.०५ | १३.५२ | १५.०४ | १७.०५ | १७.६१ | २०.३६ | २७.४१ |
| एलाइन्स इ.कं.लि. | ८.७० | ८.८३ | ६.४४ | ७.०३ | ९.०३ | १२.९१ | १२.८९ |
| एन.वी. इ.कं.लि. | १०.५६ | १३.२३ | १४.६७ | १५.४० | ९.७५ | ८.६३ | ८.७३ |
| प्रूडेन्सियल इ.कं.लि. | १०.९६ | ११.९९ | १४.०१ | १२.४० | १२.०८ | १५.०९ | १४.०० |
| शिखर इ.कं.लि. | | | ९.२३ | १२.२१ | १३.९४ | १५.८२ | १५.७५ |
| लूम्बिनी जनरल इ.कं.लि. | | | | ११.९३ | १३.६४ | १८.४५ | १२.८७ |
| एनएलजी इ.कं.लि. | १२.४२ | १२.३५ | १२.९४ | ६.०० | ६.८१ | १७.६६ | २१.१४ |
| सिद्धार्थ इ.लि. | | | | ५.४६ | ७.९६ | १०.५१ | ११.४१ |
| जम्मा | **२५६.५१** | **२६६.०९** | **३०३.२३** | **३२१.१०** | **३४४.७५** | **४१८.३१** | **५००.७९** |

राष्ट्रिय बीमा संस्थानको आ.ब. २०६०/६१ देखि २०६४/६५ सम्मको अनुमानित विवरण समावेस गरिएको।



**१९.५ बीमालेखको संख्या :**


आर्थिक बर्ष ०६१/६२ देखि ०६५/६६ सम्ममा जीवन बीमा बीमालेख लिनको संख्या क्रमशः ३०५,००० वटा, ३३०,००० वटा, ३५०,००० वटा, ३९०,००० वटा र ४७०,०००। रहेको छ (तालिका ९) ।

आर्थिक बर्ष ०६१/६२ देखि ०६५/६६ सम्ममा निर्जीवन बीमा बीमालेख लिनको संख्या क्रमशः २३९,००० वटा, २०४,००० वटा, २४६,००० वटा, २६९,००० वटा र ३०७,००० वटा रहेको छ (तालिका ९) ।

***तालिका ८***


***बीमालेख संख्याको विवरण***

| आ.ब. | जीवन बीमालेखको संख्या | निर्जीवन बीमालेखको संख्या | जम्मा बीमालेखको संख्या |
|---|---|---|---|
| २०६१/६२ | ३०५,००० | २३९,००० | ५४४,००० |
| २०६२/६३ | ३३०,००० | २०४,००० | ५३४,००० |
| २०६३/६४ | ३५०,००० | २४६,००० | ५९६,००० |
| २०६४/६५ | ३९०,००० | २६९,००० | ६५९,००० |
| २०६५/६६ | ४७०,००० | ३०७,००० | ७७७,००० |



## अनुसूची १

## समितिको वर्तमान संगठनात्मक संरचना



## अनुसूची २
## बीमकहरुलाई शाखा कार्यालय खोल्न दिइएको स्वीकृति

| क्र.सं. | बीमकको नाम | स्वीकृति मिति | स्थान |
|---|---|---|---|
| १. | एलाइन्स इन्स्योरेन्स कम्पनी लि. | २०६५।०५।१९ | कैलालीको धनगढी,सुनसरीको इटहरी, दाङ्गको तुल्सीपुर |
| २. | अमेरिकन लाइफ इ.कं(ALICO) | २०६५/६/२७ | बिराटनगर, बुटवल |
| ३. | प्रुडेन्सियल इन्स्योरेन्स कं.लि. | ०६५/५/२२, ०६५/१२/५ | नेपालगंज,बाँके, बनेपा काभ्रेपलाञ्चोक |
| ४. | एशियन लाइफ इन्स्योरेन्स कं.लि. | २०६५/५/२९ | जुम्ला, बाग्लुङ्ग, सिराहा, लाहान र धनाुषाको जनकपुर |
| ५. | सूर्या लाइफ इन्स्योरेन्स कं.लि. | २०६५/४/६ | बनेपा, महेन्द्रनगर, बुटवल, पोखरा, बीरगंज |
| ६. | प्राइम लाइफ इन्स्योरेन्स कं.लि. | २०६५/५/४<br><br>२०६५/१०/१२<br>२०६६/३/०३ | बीरेन्द्रनगर, सूर्खेत, धनगढी, दाङ्ग, वुटवल, लाहान, बिर्तामोड भ्भापा<br>बिराटनगर, पोखरा, धरान, नारायणगढ, बनेपा र बीरगंज<br>हेटौडा, इटहरी, नेपालगंज, महेन्द्रनगर र सूर्यबिनायक भक्तपुर |

## अनुसूची ३
## बीमितबाट पर्न आएको निवेदन उपर समितिको निर्णय

| क.सं. | कम्पनीको नाम | बीमितको पक्षमा | बीमकको पक्षमा | जम्मा |
|---|---|---|---|---|
| १. | श्री नेपाल इन्स्योरेन्स कं.लि. | - | २ | २ |
| २. | श्री दि ओरिएण्टल इन्स्योरेन्स कं.लि. | २ | ३ | ५ |
| ३. | श्री राष्ट्रिय बीमा संस्थान | २ | - | २ |
| ४. | श्री नेशनल इन्स्योरेन्स कं.लि. | १ | - | १ |
| ५. | श्री नेशनल लाइफ इ.कं.लि. | ३ | - | ३ |
| ६. | श्री हिमालयन जनरल इ.कं.लि. | - | - | - |
| ७. | श्री यूनाइटेड इ.कं.(नेपाल) लि. | १ | २ | ३ |
| ८. | श्री प्रिमियर इ.कं.(नेपाल) लि. | १ | १ | २ |
| ९. | श्री एभरेष्ट इन्स्योरेन्स कं.लि | - | - | - |
| १०. | श्री नेको इन्सुरेन्स लि. | - | १ | १ |
| ११. | श्री सगरमाथा इन्स्योरेन्स कं.लि. | - | - | - |
| १२. | श्री एलाइन्स इन्स्योरेन्स कं.लि. | ३ | - | ३ |
| १३. | श्री एन.बी.इन्सुरेन्स कं.लि. | ४ | ४ | ८ |
| १४. | श्री नेपाल लाइफ इ.कं.लि. | - | १ | १ |
| १५. | श्री लाइफ इन्स्योरेन्स कर्पोरेश (नेपाल) लि. | १ | २ | ३ |
| १६. | श्री अमेरिकन लाइफ इ.कं.ALICO | - | - | - |
| १७. | श्री प्रुडेन्सियल इन्स्योरेन्स कं.लि. | १ | १ | २ |
| १८. | श्री शिखर इन्स्योरेन्स कं.लि. | - | - | - |
| १९. | श्री लुम्बिनी जनरल इ.कं.लि. | ५ | - | ५ |
| २०. | श्री एन.एल.जी.इ.कं.लि. | - | - | - |
| २१. | श्री सिद्धार्थ इन्स्योरेन्स लि. | - | - | - |
| | | २४ | १७ | ४१ |

## अनुसूची -४
## बीमा समिति
## आ.ब.२०६५/६६ को आय ब्यय हिसाव विवरण*

| क्र.सं. | विवरण | रकम | जम्मा रकम |
|---|---|---|---|
| | <u>आय</u> | | |
| १ | जिम्मेवारी सारेको आ.व.०६४।६५ को | | २८४,०७३,९५६।४ |
| २ | घर जग्गा खरिद निर्माण तथा मर्मत सापटी | १९,८८५,०७३।६४ | |
| ३ | सामाजिक सापटी | १,६०५,३५७।१२ | |
| ४ | धरौटी | १५३,०१५।०० | |
| ५ | प्रिमियम सापटी | २२२,५६७।९६ | |
| ६ | टेलिफोन सापटी | ९४४।४८ | |
| ७ | बैंक | २६२,२०६,९९८।२८ | |
| ८ | सेवा शुल्क | | ८९,८४०,६६१।८० |
| ९ | इजाजत पत्र दर्ता तथा नविकरण | | २३,५७६,६४०।०० |
| १० | तालिम शुल्क | | ८८१,०००।०० |
| ११ | ब्याज | | ९,४६४,४२१।३१ |
| १२ | विविध | | १९३,४३४।३० |
| | **जम्मा** | | <u>४०८,०३०,११३।८</u> |
| | **ब्यय** | | |
| १ | उपभोग खर्च | | २१,३३६,८७४।७५ |
| २ | कार्यालय संचालन | | १८,७१८,८७२।९८ |
| ३ | पूंजीगत खर्च | | ३,२०३,३९०।८९ |
| | <u>मौज्दात</u> | | <u>३६४,७७०,९७५।२</u> |
| ४ | घर जग्गा खरिद निर्माण तथा मर्मत सापटी | २०,५८५,०७३।६४ | |
| ५ | सामाजिक सापटी | २,५७१,२१४।८१ | |
| ६ | मोटर साइकल सापटी | ३,६००,०००।०० | |
| ७ | धरौटी | २२८,०१५ | |
| ८ | प्रिमियम सापटी | ३३७,०००।३० | |
| ९ | टेलिफोन सापटी | १८,८८८।९६ | |
| १० | बैंक | ३३७,३५८,७८२।५६ | |
| ११ | पोशाक सापटी | ७२,०००।०० | |
| | **जम्मा** | | ४०८,०३०,११३।८ |

* लेखा परीक्षण नभएको ।

## अनुसूची –५
## बीमा समिति
## आ.ब. २०६५/६६ को बार्षिक कार्यक्रमको प्रगति समिक्षा

| क्र.सं. | कार्यक्रम | लक्ष्य | | प्रगती | | |
|---|---|---|---|---|---|---|
| | | कार्य | परिमाण | कार्य सम्पन्न भई सकेको परिमाण | कार्य भई रहेको | कार्य सम्पन्न हुन बाँकी कारण र परिमाण |
| १ | बीमकहरुको स्थलगत निरीक्षण गर्ने | • जीवन बीमा व्यवसाय गर्ने बीमकको निरीक्षण | २ | सम्पन्न भएको -१ | | बन्द, हडताल तथा सम्बन्धित कर्मचारी दैनिक र अन्य कार्यमा ब्यस्त भएको कारणले एउटा बीमकको निरीक्षण कार्य सम्पन्न हुन नसकेको । |
| | | • निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको निरीक्षण | ६ | सम्पन्न भएको -३ | दुईवटा बीमक (शिखर इ.कं. लि.तथा सिद्धार्थ इ.कं.लि.)को स्थलगत निरीक्षण गरेको । प्रतिवेदन आउन बाँकी | बन्द, हडताल तथा सम्बन्धित कर्मचारी दैनिक र अन्य कार्यमा ब्यस्त भएको कारणले तीनवटा बीमकको निरीक्षण कार्य सम्पन्न हुन नसकेको । |
| २ | आकस्मिक स्थलगत निरीक्षण गर्ने | • स्थलगत/गैर स्थलगत निरीक्षणबाट बढी समस्या देखिएका बीमकहरुको आकस्मिक स्थलगत निरीक्षण गर्ने | ४ | सम्पन्न भएको -४ | | |

| क्र.सं. | कार्यक्रम | लक्ष्य | | प्रगती | | |
|---|---|---|---|---|---|---|
| | | कार्य | परिमाण | कार्य सम्पन्न भई सकेको परिमाण | कार्य भई रहेको | कार्य सम्पन्न हुन बाँकी कारण र परिमाण |
| ३ | बीमालेख सरलीकरण र परिमार्जन गर्ने | • अग्नि बीमालेख तथा सो सम्बन्धी पूरक करारहरु<br>• मोटर बीमालेख तथा सो सम्बन्धी पूरक करारहरु | | | मोटरसाइकल बीमालेख, निजी सवारी साधन बीमालेख तथा व्यवसायीक सवारी साधन बीमालेख सरलीकरण गरी मसौदा पेश भई सकेको । अग्नि बीमालेख सरलीकरण गर्ने कार्य भई रहेको । | वाह्य विज्ञहरु समेतले पर्याप्त समय दिन नसकेको । |
| ४ | प्रचार प्रसार र जनचेतनामूलक कार्यक्रम | • बीमा बारे सूचना प्रकाशन तथा प्रशारण गर्ने | २५ | सम्पन्न भएको-२५ | | |
| | | • हाजिरी जवाफ | १ | सम्पन्न भएको -१ | | |
| | | • वक्तृत्व कला | २ | सम्पन्न भएको -१ | | पहिलो कार्यक्रम संचालन गर्न लागेको समय तथा लागतको आधारमा एउटा वक्तृत्वकला कार्यक्रम स्थगित गरिएको । |
| | | • अन्तरक्रिया | ४ | सम्पन्न भएको -४ | | |
| ५ | मृत्युदर तालिका निर्माण गर्ने | • अन्तरक्रिया | २ | सम्पन्न भएको -२ | | |
| ६ | डिट्यारिफ सम्बन्धमा अध्ययन गर्ने | • अध्ययन गर्ने | | | उप-समितिले अध्ययन गरिरहेको । | अन्य मूलुकले डिट्यारिफको सम्बन्धमा अवलम्वन गरेको प्रकृया अध्ययन गर्न समय लागेको । |
| ७ | बीमांकीय बिज्ञान सम्बन्धमा आवश्यक जनशक्ति तयार पार्ने | बीमांकी बिज्ञान सम्बन्धी छात्रबृत्ती | ४ | | बीमाङ्की बिज्ञान सम्बन्धी छात्रबृती प्रदान गर्ने आधारहरु निर्धारण गर्न एक्च्युरियल सोसाइटी अफ इण्डिया तथा इन्स्योरेन्स इष्टिच्यूट अफ इण्डियासंग सहकार्य भई रहेको । | छात्रवृत्ती प्रदान गर्ने आधारहरु निर्धारण गर्न समय लागेको । |
| | | • बीमांकी बिज्ञान सम्बन्धी तालिम | १ | सम्पन्न भएको -१ | | |

| क्र.सं. | कार्यक्रम | लक्ष्य | | प्रगती | | |
|---|---|---|---|---|---|---|
| | | कार्य | परिमाण | कार्य सम्पन्न भई सकेको परिमाण | कार्य भई रहेको | कार्य सम्पन्न हुन बाँकी कारण र परिमाण |
| ८ | कानूनी सुधार गर्ने | • बीमा ऐनको मस्यौदा उपर अन्तरक्रिया | २ | सम्पन्न भएको -२ | | |
| | | • समितिको आर्थिक बिनियमावली परिमार्जन | १ | | आर्थिक प्रशासन सम्बन्धी बिनियमावलीको मस्यौदालाई सार्वजनिक खरिद ऐन, २०६४ मा भएको व्यवस्थालाई समेत समेटने गरी अन्तिम मस्यौदा तयारी गर्नका लागि समितिको निर्णयानुसार श्री कानून न्याय तथा संसदिय व्यवस्या मन्त्रालयको तत्सम्बन्धी कार्य हेर्ने बिज्ञबाट मस्यौदा पेश हुन आएको । | |
| | | • बीमकको कर्मचारी सेवा शर्त बिनियमावली सम्बन्धी मापदण्ड उपर अन्तरक्रिया | २ | सम्पन्न भएको -२ | अन्तरकृयाहरु गरी मस्यौदा तयार गरेको । | |
| ९ | निर्णय संग्रह प्रकाशन गर्ने | • निर्णय संकलन | - | | प्रकाशनार्थ प्रेसमा पठाइएको । | प्रुफ रिडिङ्गमा समय लागेको । |
| | | • निर्णय संग्रह प्रकाशन | ५०० प्रति | | | |
| | | • वेभ साइटमा निर्णय संग्रह प्रकाशन | १ | | निर्माणाधिन | |
| १० | बीमा दाबी भुक्तानी सम्बन्धी कागजात तोक्ने | • जीवन बीमा दावी सम्बन्धी कागजात<br>• निर्जीवन बीमा दावी सम्बन्धी कागजात | | | दावी सम्बन्धी आवश्यक कागजात बारे बीमकहरुबाट सुझाव माग गरी संकलन भई सकेको ।<br><br>संकलित सुझावको आधारमा मसौदा तयार भई रहेको । | |

| क्र.सं. | कार्यक्रम | लक्ष्य | | प्रगती | | |
|---|---|---|---|---|---|---|
| | | कार्य | परिमाण | कार्य सम्पन्न भई सकेको परिमाण | कार्य भई रहेको | कार्य सम्पन्न हुन बाँकी कारण र परिमाण |
| ११ | तालिम सञ्चालन गर्ने | • समितिमा संचालन गरिने जीवन बीमा अभिकर्ताको आधारभूत तालिम | २० | सम्पन्न भएको -१७ | | बन्द हडतालको कारणले ३ वटा तालिम स्थगित गरिएको । |
| | | • समितिमा संचालन गरिने निर्जीवन बीमा अभिकर्ताको आधारभूत तालिम | ५ | सम्पन्न भएको -५ | | |
| | | • समितिमा संचालन गरिने बीमा<br>• सर्भेयरको आधारभूत तालिम | २ | सम्पन्न भएको -२ | | |
| | | • जीवन बीमा अभिकर्ताको लागि पुनर्ताजगी तालिम | १ | | | बन्द हडतालको कारणले १ वटा तालिम स्थगित गरिएको । |
| | | • जीवन बीमा अभिकर्ताहरुको लागि उच्चस्तरीय पुनर्ताजगी तालिम | १ | | | बन्द हडतालको कारणले १ वटा तालिम स्थगित गरिएको । |
| १२ | अन्तरक्रिया तथा गोष्ठी आयोजना गर्ने | • न्याय क्षेत्रसंग बीमा सम्बन्धी गोष्ठी | १ | | | एक अंचलको लागि मात्र ६/७ लाख खर्च लाग्ने देखिन आएको हुँदा संचालन नगरिएको । |
| | | • बीमकसंग अन्तरक्रिया | ४ | सम्पन्न भएको -४ | | |
| | | • बीमा सर्भेयरसंग अन्तरक्रिया | १ | सम्पन्न भएको -१ | | |
| | | • बीमा अभिकर्तासंग अन्तरक्रिया | १ | सम्पन्न भएको -१ | | |
| | | • बैंक तथा बित्तीय संस्थाका लागि गोष्ठी | १ | सम्पन्न भएको -१ | | |

| क्र.सं. | कार्यक्रम | लक्ष्य | | प्रगती | | |
|---|---|---|---|---|---|---|
| | | कार्य | परिमाण | कार्य सम्पन्न भई सकेको परिमाण | कार्य भई रहेको | कार्य सम्पन्न हुन बाँकी कारण र परिमाण |
| | | ● लघु बीमा सम्बन्धी अन्तरक्रिया | १ | सम्पन्न भएको -१ | | |
| १३ | बीमाको प्राविधिक शब्दहरुको परिभाषा तयार गर्नेः | ● बीमाका प्राविधिक शब्दहरको परिभाषा तयार<br>● बीमाका प्राविधिक शब्दहरुको परिभाषा संग्रह प्रकाशन | १००० प्रति | | कार्य भई रहेको । | बीमकहरुसंग समेत ब्यापक छलफल गरी गर्नु पर्ने भएकोले बढि समय लागेको । |
| १४ | संस्थागत सुधारका लागि योजना तर्जुमा गर्ने | ● समितिको संस्थागत बिकासको लागि दीर्घकालीन योजना तर्जुमा गर्न कार्यदल गठन गरी अध्ययन गर्ने | १ | | कार्यदल गठन भई कार्य भइरहेको । | कार्यारम्भ गर्न ढिलाई भएको । |
| | | ● कार्यदलको सुझाव समेतको आधारमा संस्थागत सुधार सम्बन्धी योजना तयार | १ | | | |
| | | ● बीमा प्रवर्द्धन बिभाग स्थापना | १ | | त्रि.बि. का उच्च पदाधिकारी र बीमक संघ, बीमा समितिका उच्च पदाधिकारी बीच छलफल भै अध्ययन प्रतिवेदन पेश हुन बाँकी रहेको । | |
| १५ | आन्तरिक नियन्त्रण प्रणाली सुधार गर्ने | ● बिद्युतिय हाजिरी यन्त्र स्थापना | १ | सम्पन्न भएको -१ | | |
| १६ | लेखा परीक्षकको छनौट सम्बन्धी मापदण्ड तयार गर्ने | ● लेखा परीक्षकको छनौट सम्बन्धी मापदण्ड तयार गरी सूचिकरण गर्ने | १ | | समितिको बैठकमा प्रारम्भिक मस्यौदा पेश भई सकेको । | |
| १७ | आधुनिक फाइलिङ्ग सिष्टम लागू गर्ने | ● आधुनिक फाइलिङ्ग प्रणाली सम्बन्धी तालिम | १ | सम्पन्न भएको -१ | | |
| | | ● आधुनिक फाइलिङ्ग पद्धती लागू | १ | | आधुनिक फाइलिङ्ग पद्धती लागू गर्ने क्रममा रहेको । | |

| क्र.सं. | कार्यक्रम | लक्ष्य | | प्रगती | | |
|---|---|---|---|---|---|---|
| | | कार्य | परिमाण | कार्य सम्पन्न भई सकेको परिमाण | कार्य भई रहेको | कार्य सम्पन्न हुन बाँकी कारण र परिमाण |
| १८ | सबै तहमा बीमा बिषयको उपयुक्त पाठ्यक्रम सामेल गराउन पूर्वाधार तयार गर्ने | • उप-समिति गठन गरी अध्ययन गर्ने<br>• सम्बन्धित निकायहरु संग सहकार्य | | | उप-समिति गठन भई पाठ्यक्रम बिकास केन्द्र संग समन्वय गरी कार्य भई रहेको । | |
| | | • अन्तरक्रिया | १ | सम्पन्न भएको -१ | | |
| १९ | बीमकको स्वामित्व तथा नियन्त्रण परिवर्तन अनुगमन सम्वन्धी आधार तयार गर्ने | • बीमकको स्वामित्व तथा नियन्त्रण परिवर्तन अनुगमन सम्बन्धी निर्देशिका तयार | १ | | प्रारम्भिक मस्यौदा तयार भएको । | |
| २० | एकिकृत निर्देशिका तयार गरी प्रकाशित गर्ने | • समितिबाट समय समयमा जारी भएका निर्देशनहरु संकलन<br>• निर्देशनहरुलाई समय सापेक्ष परिमार्जन<br>• एकिकृत निर्देशिका तयार गरी प्रकाशन | १ | | समितिको धभदकष्तभ मा निर्देशनहरुको संगालो प्रकाशन गरिएको । | |
| २१ | पुस्तकालयको क्षमता अभिबृद्धि गर्ने | • पाठ्य सामग्री थप | १ | सम्पन्न भएको -१ | | |
| २२ | लघु बीमाको नीति तथा कानूनी आधार तर्जुमा गर्ने | • लघु बीमा सम्बन्धी नीति तथा कानूनी आधार तर्जुमा | १ | | प्रारम्भिक मस्यौदा तयार भएको । | |
| २३ | बीमा समितिको बार्षिकोत्सव मनाउने | • बीमा समितिको बार्षिकोत्सव मनाउने | | सम्पन्न भएको | | |
| २४ | बीमित हित संरक्षण कोषको कार्यबिधि तय गर्ने | • बीमित हित संरक्षण कोषको कार्यबिधि तय | | सम्पन्न भएको -१ | | |

| क्र.सं. | कार्यक्रम | लक्ष्य | | प्रगती | | |
|---|---|---|---|---|---|---|
| | | कार्य | परिमाण | कार्य सम्पन्न भई सकेको परिमाण | कार्य भई रहेको | कार्य सम्पन्न हुन बाँकी कारण र परिमाण |
| २५ | भुक्तानी हुन बाँकि दावी बापतको दायित्व निर्धारण सम्वन्धी निर्देशिका तयार गरी लागू गर्ने | • निर्देशिका तयार गरी लागु गर्ने | १ | | | अन्य मूलुकको प्रचलनको अध्ययन गर्दा सोल्भेन्सी मार्जिनसंग सम्वन्धित देखिएकोले हाल स्थगित गरिएको । |
| २६ | बीमक संचालन सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने | • मापदण्ड तयार गरी लागू गर्ने | | | प्रारम्भिक मस्यौदा तयार भएको । | |
| २७ | बीमाका मूलभूत सिद्धान्त संग्रह प्रकाशन गर्ने | • बीमाका मूलभूत सिद्धान्त संग्रह प्रकाशन (५०० प्रति) | १ | सम्पन्न भएको -१ | | |
| २८ | अन्तर्राष्ट्रिय मापदण्डको आधारमा नेपालको बीमा क्षेत्रको मूल्याङ्कन गर्ने | • अन्तर्राष्ट्रिय बिज्ञबाट नेपालको बीमा क्षेत्रको मूल्याङ्कन गराई सुधारका क्षेत्रहरु पहिल्याउने | १ | सम्पन्न भएको -१ | | |
| २९ | वित्तीय विवरण सम्बन्धी निर्देशिकाहरु लागू गर्ने | • अन्तरक्रिया संचालन<br>• निर्देशिका लागू गर्ने | २ | सम्पन्न भएको -२ | | |

## बीमा समितिको आ.ब. २०६५/६६ को बार्षिक कार्यक्रम अनुसार प्रगति समिक्षाको सारांश

| विवरण | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|
| जम्मा कार्य | १२६ वटा, | | |
| सम्पन्न कार्य | ८६ वटा | ६८.२५% | |
| कार्य भई रहको | २२ वटा | १७.४६% | |
| कार्य सम्पन्न हुन बाँकी | १८ वटा | १४.२९% | |